आज मिति २०८१ असोज ५ गते शनिबारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (बस्नेत)को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को **चौथो** गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो:

**उपस्थिति**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की (बस्नेत) | अध्यक्ष | |
| २. | श्री इवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराजा बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुवबहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मतबहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरि लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १०. | श्री सबिता बि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निरकुमार बि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मानबहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री काजीमान राई | सचिव | |
| १५. | श्री रेश्म क. राई | सी.ओ.ए. | |

आमन्त्रित

१. डा. गोकर्ण नताली - समाजशास्त्री/अर्थशास्त्री
२. डा. अनिल श्रेष्ठ - इन्जिनियर
३. होमलाल भण्डारी - [illegible]
४. त्रिलोचन शुसाल - इन्जिनियर
५. ईश्वरराज बस्नेत - शिक्षा शाखा संयोजक
६. अनुराज बस्नेत - अ.प्र.ई.
७. सुजन शर्मा - इन्जिनियर
८. टेम ब. बस्नेत - प्र.अ. हिम गंगा मा.वि.
९. पुण्य के.सी. - स.प्र.अ. "
१०. शिवराज पाण्डे - शिक्षक "
११. मोहन पौडेल - "
१२. तारामण ब. बस्नेत - वि.व्य.स. अध्यक्ष हिमगंगा मा.वि.
१३. दिपेन्द्र विश्वकर्मा - शिक्षक हिमगंगा मा.वि.
१४. टेकराज बली - " "

## प्रस्तावहरु

१. टेम्पो व्यवसायीका बैठकको समीक्षा सम्बन्धमा
२. विद्युतीय चुल्हो वितरण सम्बन्धमा
३. बजार अनुगमन सम्बन्धमा
४. विस्तृत परियोजना प्रतिवेदन स्वीकृत सम्बन्धमा
५. पर्यटन गुरुयोजना तर्जुमा सम्बन्धमा
६. Digital Profile तर्जुमा सम्बन्धमा।
७. विपद्मा परेकालाई राहत रकम सम्बन्धमा
८. इन्टरनेट सेवा विस्तार सम्बन्धमा
९. ज्याविन बाल त्रैमासिक सम्बन्धमा
१०. सि.सि. क्यामेरा जडान सम्बन्धमा

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ भाद्र ३० गते बसेको चालू आ.व.को तेस्रो कार्यपालिका बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिकाक्षेत्र भित्र विद्युतीय इन्डक्सन चुल्हो लागत साझेदारीमा बितरण गर्नका लागि प्राक्टिकल एक्सन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यस गाउँपालिकालाई अनुरोध गरेको आधारमा उक्त कार्यक्रम यस गाउँपालिकाको ३ नम्बर वडाभित्र सञ्चालन गर्नका लागि प्रचलित कानुनमा भएको व्यवस्थाअनुसार सम्झौता गरी सो को जानकारी उक्त संस्थालाई गराउने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा नजिकिदै गरेको नेपालीहरुको महान पर्वहरु दशै, तिहार र छट पर्वमा आवश्यक हुने दैनिक उपभोग्य सामाग्रीहरुमा कृतिम अभाव सिर्जना नगर्न, मूल्यमा एक रुपता कायम गर्न, म्याद गुज्रिएका खाद्य पदार्थको बिक्रि बितरणलाई निषेध गर्न तथा व्यवसाय दर्ता र नवीकरणलाई अद्यावधिक गर्नका लागि विधेयक समितिबाट तर्जुमा गरी पेश भएको स्थानीय बजार अनुगमन कार्यविधि, २०८१ कार्यविधि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार, काठमाडौमार्फत् प्राप्त पत्रलाई आधार मानी हिमगांगा मा.वि., लिखुपिके-३ को अनुरोधमा **भूमी इन्जिनियरिङ्ग कन्सोटियम, नखुदोबाटो, ललितपुरमार्फत्** तयार भएको हिमगंगा मा.वि.लाई आवश्यक रहेको अत्याधुनिक भवनको अन्तिम बिस्तृत परियोजना प्रतिवेदनलाई सर्वसम्मत रुपमा स्वीकृत गरी परामर्शदाता संस्थालाई सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

भारत सरकारको आर्थिक सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुत्त सामुदायिक परियोजना कार्यक्रममा तपशील वमोजिमको कार्यक्रमलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमार्फत् भारतीय राज्दुतावासमा पेश गर्ने र सो कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाको तर्फवाट नियमानुसार व्यहोर्नु पर्ने **प्रतिशत लागत साझेदारी** रकम समेत व्यहोर्ने सर्वसम्मत रुपमा निर्णय गरियो-

*(क) श्री हिमगंगा माध्यमिक विद्यालय, लिखुपिके-३ सोलुखुम्वुको भवन*

*(ख) वुढाकिन्जा आ.वि., लिखुपिके-५ सोलुखुम्वुको भवन*

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिका कार्यक्रमअनुसार यस गाउँपालिकाको पर्यटन गुरु योजना तयार गर्नका लागि परामर्शदाता संस्था छनोट भई सम्झौतासमेत भइ सकेको हुनाले आजको बैठकमा सो परामर्शदाताले पेश गरेको प्रारम्भिक प्रतिवेदनउपर छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र रहेका प्रमुख पर्यटकीय स्थानमा स्थलगत रुपमा गई सो कुरालाई प्रतिवेदनमा समावेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिका कार्यक्रमअनुसार यस गाउँपालिकाको विद्युतीय पार्श्वचित्र तयार गर्नका लागि आजको बैठकमा सो परामर्शदाता संस्थाले पेश गरेको प्रारम्भिक प्रतिवेदनउपर छलफल गरी वडामार्फत् छनोट भएका गणकहरुबाट बस्तुगत तथ्याङ्क समावेश गरेर गाउँपालिकाको **DISITAL PROFILE** तयार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यही मिति २०८१ भाद्र २६ गते गएको अबिरल बर्षाको कारण यस गाउँपालिकाको वडा नम्बर ३ मा बसोवास गर्ने तपशील वमोजिमको नागरिकहरुको बास बस्ने घरमा क्षती पुऱ्याइ बसोबास गर्नका लागि जोखिम अवस्था रहेको स्थलगत सर्जमिन मचुल्कासहित राहतका लागि कार्यालयमा निवेदन पेश भएको हुँदा निजहरुलाई सुरक्षित स्थानमा बसोवास स्थानान्तरण गर्नका लागि विपद व्यवस्थापन शीर्षकवाट जनही रु. ५०,०००। का दरले भुक्तानी दिने निर्णय गरियो-

**<u>तपशील</u>**

(क) गणेशबहादुर बस्नेत

(ख) पवन बस्नेत

(ग) रामवहादुर वस्नेत

मिति २०८१ भाद्र २८ गते भएको आगलागीका कारण वडा नम्बर २ निवासी ससेर तामाङको घर तथा गोठमा आगलागी भएर धनजनको क्षती भएको हुनाले निजलाई विपद व्यवस्थापन कोषमा बिनियोजन भएको रकम रु. **५०,०००।** भुक्तानी दिने निर्णय गरियो ।

मिति २०८१ भाद्र ३० गते गएको अविरल वर्षाको कारणले वडा नम्बर १ निवासी गेल्मु शेर्पाको घरमा पहिरोले क्षती पुऱ्याएको हुँदा प्रहरी सर्जमिनको आधारमा निजलाई विविध शीर्षकबाट रु. **२०,०००।** भुक्तानी दिन दिने निर्णय गरियो ।

८ प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस गाउँपालिकालाई सूचना प्रविधिमैत्री गाउँपालिका बनाउनका लागि यसभन्दा अगाडी जडान गरिएको इन्टरनेट सेवा प्रदायक संस्थाको सेवा गुणस्तरीय नभई दैनिक सेवा प्रवाहमा असहजता सिर्जना भएको हुँदा सो संस्थासँग भ... वार्षिक सेवा प्रवाह सम्झौतालाई नवीकरण नगर्ने र सो को जानकारी सम्बन्धित सेवा प्रदायक संस्थालाई जानकारी गराउने निर्णय गरियो । गाउपालिकाबाट प्रवाह हुने सेवालाई सुव्यवस्थित र नियमित गर्नका लागि गाउँपालिकाको कार्यालयमा सूचीकृत रहेको सोही सेवा प्रदान गर्ने अन्य सेवा प्रदायक संस्थाहरुसँग कानुनमा भएको व्यवस्था बमोजिम सेवा लिन खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै अघिल्लो आ.व. २०८१/०८२ मा सम्झौता गरिएको रेटलाई नै लागत अनुमान मानी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९ प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा चालू आ.व. २०८१/०८२ का लागि यस गाउँपालिकाको १३ औं गाउँसभाको निर्णयानुसार २ नम्बर वडा छेउमा ग्याबिन वाल निर्माण शीर्षकमा रु. १० लाख बजेट गाउँपालिका स्तरीय कार्यक्रमअन्तर्गत बिनियोजन भएको । २ नम्बर वडा कार्यालयमार्फत् प्राप्त पत्रानुसार सो स्थानमा उपभोक्ता समितिको सहभागिता नहुने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा भएको व्यवस्थानुसार खरिद प्राक्रियामार्फत् सो कार्य गर्ने निर्णय गरियो ।

१० प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस गाउँपालिकाभित्र रहेका तपशील बमोजिमका विद्यालयहरुमा सि.सि. क्यामेरा जडान गर्ने निर्णय गरियो-

**तपशील**

(क) हिमगंगा मा.वि., लिखुपिके-३, सोलुखुम्बु ।
(ख) बुद्ध मा.वि., लिखुपिके-२, सोलुखुम्बु ।
(ग) जनसेवा आ.वि., लिखुपिके-४, सोलुखुम्बु ।